**Sub. Code 2041**

**NEB-XII**

**2079 (2023)**

**Model question**

Education and Development

**विद्यार्थीहरूले सकेसम्म आफ्नै शव्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारमा दिइएको अंकले पूर्णाङ्क जनाउँदछ ।**

Candidates are required to give their answers in their own words as far as practicable. The figures in the margin indicate full marks.

Time: 3 hrs. Full marks: 75

**सबै प्रश्नको उत्तर दिनुहोस्** (Attempt all the question.)

**समूह 'क'**(Group "A")

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरू**/Very short answer questions. ११x १=११

1. विकासमा कस्ता परिवर्तनहरू देखापर्छन, कुनै दुई उदाहरणहरू उल्लेख गर्नुहोस् ।
   What types of changes take place in development ? Mention any two examples.
2. हामीलाई दिगो विकास किन आवश्यक छ ? कुनै एउटा कारण दिनुहोस् ।
   Why do we need sustainable development ? State one reason.
3. समाजको परिभाषा दिनुहोस् ।
   Define society.
4. नागरिक शिक्षाको कुनै एक महत्व लेख्नुहोस् ।
   state any one importance of civic education.
5. शिक्षामा देखापर्न सक्ने कुनै दुई विविधताको उदाहरणहरू दिनुहोस् ।
   Present any two examples of diversity that prevails in education sector.
6. शिक्षाका लागि स्रोत परिचालनका दुई उपायहरू लेख्नुहोस् ।
   List out any two ways of resource mobilization for education.
7. तपाईंको क्षेत्रमा उपलब्ध स्रोतहरूको परिचालनमा स्थानीय सरकार (नगरपालिका वा गाउँपालिका) ले खेल्न सक्ने कुनै दुई भूमिकाहरू उल्लेख गर्नुहोस् ।
   State any two roles of the local government (Municipality or Rural Municipality) might play for mobilization of local resources available in your locality.
8. शैक्षिक योजनाको परिभाषा दिनुहोस् ।
   Define educational planning.
9. राणाकालीन अवधिलाई किन शिक्षाको विरोध काल भनिएको हो ? एउटा कारण दिनुहोस् ।
   Why the Rana era is labelled as "opposition period of education"? Present one reason.
10. अनिवार्य शिक्षाअन्तर्गत कस्ता कुराहरूलाई अनिवार्य गरिएको हुन्छ ?कुनै दुईवटा उल्लेख गर्नुहोस् ।
    What things/conditions are made mandatory to make education compulsory ? State any two.
11. कक्षाकोठामा विविधताको व्यवस्थापनको लागि अपनाउने कुनै एक उपाय लेख्नुहोस् ।
    Mention any one way adopt for diversity management in classroom¿

**समूह 'ख'**(Group "B")

**संक्षिप्त उत्तरात्मक प्रश्नहरू**/Short answer questions. ८x५=४०

12. दिगो विकासको दोस्रो लक्ष्य "सवैको निम्ति खाने पानी" र "सरसफाई " सन्दर्भमा तपाइँ आफ्नो घरमा सफा पानी र सरसफाइ व्यवस्था को लागि के के गर्नु हुन्छ कार्य सूची तयार पार्नुहोस् ।

SDG 2 is concerned with “drinking water for all” and “ sanitation” . What would you do to manage household drinking water and sanitation , Prepare a working list for this purpose.

अथवा (Or)

दिगो विकासको पाँचौ लक्ष्यअन्तर्गत लैंगिक समानता कायम गर्नको लागि तपाईंले अपनाउने उपायहरूको सूची तयार पार्नुहोस् ।

List any five techniques you would adopt to maintain gender equality as provisioned in fifth sustainable development goal SDG.

13. जनसहभागिताको अर्थ स्पष्ट पारी तपाईंको समुदायमा शिक्षाको लागि जनसहभागिता वृद्धि गर्ने चारवटा उपयुक्त सुझावहरू लेख्नुहोस् ।
    Elucidate the meaning of people’s participation. Suggest four measures to promote people’s participation for educational development in your community.
14. समावेशी शिक्षाका चार उपायहरूको सूची बनाउनुहोस् ।
    List out any four techniques for inclusive education.
15. शान्ति शिक्षाले दिगो विकास गर्न कसरी सघाँउछ ?
    How does peace education enhance for sustainable development¿
16. विद्यालयले शान्तिको लागि कस्ता व्यवहारहरू सिकाउनुपर्छ होला तर्क प्रस्तुत गर्नुहोस् ।
    For maintaining peace, what behaviors, you think, should a school teach to students? Give your arguments.
17. तपाईंको समुदायमा भएका विद्यालयको विकासका लागि कस्ता स्रोतहरू उपलब्ध छन् ? विवरण दिनुहोस् ।
    What types of resources are available for school development in your community ? Describe.

अथवा (Or)

शैक्षिक लगानीका स्रोतहरू उल्लेख गर्नुहोस् ।

Explain sources of investment in education.

18. नेपालमा सामुदायिक (सरकारी ) र निजी (संस्थागत) विद्यालय संचालनमा छन् । यी दुईबीचको पांचवटा भिन्नताहरू छुट्टयाउनुहोस् ।
    There are community and private schools in Nepal. State any five differences between community and private school.
19. तपाईंलाई एक कक्षामा शिक्षण गर्न दिएमा तपाईंले गर्ने पाँचवटा कार्यकलापहरू प्रस्तुत गर्नुहोस् ।
    If you are assigned to teach in Grade One, list out five activities you would do ?

## **समूह ‘ग’**(Group "C")

**विस्तृत उत्तरात्मक प्रश्नहरू**/Long answer questions. ३ x ८= २४

20. शिक्षा प्राप्त गरेर पनि बेरोजगार भएर वस्नुपर्ने अवस्था नेपालका लागि जटिल समस्या बनेको छ । नेपालको सामाजिक, आर्थिक र मानव स्रोत विकासका आयामहरूका आधारमा सो समस्या आउनुका कारणहरू के के हुन सक्लान् उल्लेख गर्नुहोस ।
    Increasing number of educated but unemployed people has been one of the pressing issues for Nepal. Locate the causes of such problem with reference to the social, economic and human resource conditions of Nepal.
21. जन आधारित विकासको अर्थ प्रस्तुत गरी तपाईं एक सकृय सामाजिक कार्यकर्ताको रूपमा जनआधारित विकासको लागि काम गर्नुपरेमा कस्ता मूल्य मान्यताहरू पालना गर्नुहुन्छ ? विवरण तयार पार्नुहोस ।
    State the meaning of pro-people development. As an active social worker what norms and values would you adopt for pro-people development in your community? Explain.

अथवा (Or)

तपाईको स्थानीय क्षेत्रमा रहेका सार्वजनिक सरोकारका कुनै दुई क्षेत्रहरू उल्लेख गरी यस्ता क्षेत्रहरूमा नागरिक सचेतना जगाउन तपाई के के गर्नु हुन्छ विवरण तयार पार्नुहोस ।

Identify any two matters of public concern in your locality.What action would you take for raising public awareness toward such concerns.

22. तपाईंको आफ्नो स्थानीय विद्यालयको सुधारको लागि विद्यालय सुधार योजनाको ढाँचा तयार गर्नुहोस् ।
    Prepare a model of “school improvement plan” for improving school in your locality.